सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३५४ ♦ २०८२ साल साउन २३ गते शुक्रवार ♦ 8 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेशका १६ लाख नागरिक अझै पनि शुद्ध खानेपानीको पहुँचबाहिर

**खबर दर्पण समाचारदाता**

**साउन २२ गते, बर्दिवास**



मधेश प्रदेशका आठ जिल्लामा सञ्चालित ३७१ वटा खानेपानी आयोजना दुई दशकदेखि अधुरै अवस्थामा अलपत्र पर्दा करिब १६ लाख नागरिक अझै पनि शुद्ध खानेपानीको पहुँचबाहिर छन् ।

धनुषाको मिथिला नगरपालिका-५ विश्रामपुरमा १० वर्षअघि सुरु गरिएको खानेपानी योजना त्यसको ज्वलन्त उदाहरण हो ।

तत्कालीन डिभिजन खानेपानी तथा सरसफाइ कार्यालय धनुषाले २०७२ मा ६१८ घर धुरीमा पानी पुर्याउने लक्ष्यसहित सुरु गरेको आयोजनाले अहिलेसम्म डिप बोरिङ र पाइपलाइन विस्तार गर्न सकेको छैन ।

ओभरहेड ट्यांकी, कार्यालय भवन, घेराबार र विद्युत जडान जस्ता पूर्वाधार निर्माण भए पनि मुख्य काम नहुनु चिन्ताको विषय बनेको छ । डिभिजन कार्यालय जलेश्वरले हाल विश्रामपुरमा वैकल्पिक माध्यमबाट पानी आपूर्ति गर्ने तयारी थाले पनि स्थानीयवासी अन्योलमा छन् ।

यही अवस्था मिथिला नगर पालिका-६ केमलीपुरमा पनि देखिन्छ । त्यहाँ १२ वर्षअघि सुरु गरिएको अर्को आयोजना पनि अधुरो अवस्थामा छोडिएको छ ।

केमलीपुर र विश्रामपुर मात्र नभई धनुषाको सबैला, महोत्तरीको पशुपतिनगर, सर्लाहीको बसबरिया-धनगढा र बटेश्वरका आयोजना पनि वर्षौंदेखि उस्तै गतिमा अघि बढेका छन् ।

मधेशमा चापाकल र इनारहरू सुक्ने, धारामा पानी नआउने समस्या चर्किँदै गएपछि केही क्षेत्रमा ट्यांकर मार्फत आपतकालीन पानी आपूर्ति गर्नुपरेको छ ।

खानेपानी तथा सरसफाइ महाशाखा मधेश प्रदेशका अनुसार २०७५ मा संघीय सरकारले यी आयोजना प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि समस्या सुरु भएको हो ।

इन्जिनियर लक्ष्मी पन्थका अनुसार ३७१ आयोजना मध्ये ९४ वटा मात्र सञ्चालनमा छन् । बाँकी आयोजना बजेट अभावका कारण अलपत्र छन् ।

'यी आयोजना ससर्त अनुदानमा आधारित छन्,' पन्थ भन्छन्, 'त्यसैले प्रदेश सरकारले इच्छाअनुसार लगानी गर्न सक्दैन ।' चालू आव २०८२/८३ मा संघीय सरकारले जम्मा १६ करोड रुपैयाँ मात्रै ससर्त अनुदान दिएको उनले जानकारी दिए । तर, सबै आयोजना सम्पन्न गर्न करिब आठ अर्ब रुपैयाँ आवश्यक

*बाँकी पृष्ठ २*

## अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण प्रक्रियाप्रति पत्रकार महासंघको आपत्ति

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

नेपाल पत्रकार महासंघले अनलाइन सञ्चारमाध्यमको दर्ता, सञ्चालन र नवीकरण स्थानीय प्रशासन अन्तर्गत प्रमुख जिल्ला अधिकारीको कार्यालयमा गर्ने गरी ल्याइएको नयाँ कानुनी व्यवस्थाप्रति गम्भीर आपत्ति जनाएको छ। महासंघले यसलाई संविधानको भावना र संघीय शासन प्रणाली विपरीत भएको ठहर गर्दै आन्दोलनमा उत्रिने चेतावनी दिएको छ।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले आज जारी गरेको प्रेस विज्ञप्तिमा 'केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२' अन्तर्गत 'छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८' मा गरिएको संशोधनले पञ्चायतकालीन एकतन्त्रीय व्यवस्थाको झल्को दिएको उल्लेख छ।

विज्ञप्तिमा सरकारले सरोकार वालासँग कुनै परामर्श नगरी यो प्रावधान ल्याएको आरोप लगाइएको छ। यसले गर्दा अहिले सञ्चालनमा रहेका करिब पाँच हजार अनलाइन सञ्चार माध्यमको भविष्य अन्योलमा

*बाँकी पृष्ठ २ मा*

## बसबाट लडेर १३ वर्षीय विद्यार्थीको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन २० गते, बर्दिवास**

सर्लाहीको बरहथवा नगर पालिका-८ टाँडीस्थित भित्री सडकखण्डमा स्कुल बसबाट लडेर एक बालकको मृत्यु भएको छ।

बरहथवाबाट टाँडीतर्फ जाँदै गरेको ग १ ख ९५६८ नम्बरको कायाकल्प एकेडेमीको बसबाट लडेर धनकौल गाउँपालिका-३ हरकठ्वाका निसार शेखको छोरा १३ वर्षीय फैजान शेखको मृत्यु भएको हो। फैजान सोही विद्यालको कक्षा ३ मा अध्ययनरत विद्यार्थी हुन।

प्रत्यक्षदर्शीका अनुसार फैजान गुडिरहेको बसको ढोकामा उभिइरहेका बेला अचानक लडेर घाइते भएका थिए।

घाइते भएका उनलाई तत्कालै संकटमोचन अस्पताल, बरहथवामा प्रारम्भिक उपचार पछि थप उपचारका लागि नेशनल मेडिकल कलेज, वीरगञ्ज लगिएकोमा साँझ ७ बजे चिकित्सकले मृत घोषणा गरेका ईलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ।

घटनापछि ईलाका प्रहरी कार्यालय बरहथवाबाट प्रहरी नायब उपरीक्षक (डिएसपी ) निरञ्जन भट्टराईको नेतृत्वमा प्रहरी टोली खटिएको थियो। प्रहरीले बस चालक बागमती नगरपालिका-१० का २१ वर्षीय राजकुमार यादवलाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाएको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जनकपुर विमानस्थलबाट रात्रिकालीन उडान स्थगित



**खबर दर्पण समाचारदाता**
**साउन २२ गते, जनकपुरधाम**

देशका विभिन्न आन्तरिक विमानस्थलहरूमा चरा र जंगली जनावरको गतिविधि तीव्र बनेसँगै हवाई उडान सुरक्षामा गम्भीर चुनौती देखा परेको छ।

चराजन्य बर्ड स्ट्राइक र स्यालसँग जहाज ठोक्किने घटनाहरू दोहोरिन थालेपछि निजी वायुसेवा कम्पनी बुद्ध एयरले जनकपुर धामसहितका केही गन्तव्यमा रात्रिकालीन उडानहरू स्थगित गर्ने निर्णय गरेको छ।

पछिल्लो एक महिनाको तथ्यांक अनुसार जनकपुर विमानस्थलमा मात्र सातपटक बर्ड स्ट्राइक र दुईपटक स्यालसँग जहाज ठोक्किएको घटना सार्वजनिक भएको छ।

बुद्ध एयरका अनुसार १३, १८, २६, ३० जुलाई र ५ तथा ६ अगस्टमा जनकपुरमा चरासँग जहाज ठोक्किएको हो। विशेष गरी ३० जुलाई र ६ अगस्टका घटनामा बायाँ इन्जिनको प्रोपेलर क्षतिग्रस्त भएको कम्पनीले जनाएको छ।

यस्तै, २३ जुलाईमा धावनमार्गमा स्याल देखिएपछि जहाज काठमाडौं फर्कन बाध्य भएको थियो भने ५ जुलाईमा स्याल ठोक्किँदा विमानलाई आपतकालीन ब्रेक लगाएर नियन्त्रणमा ल्याइएको थियो।

बिहीबार काठमाडौं-भद्रपुर उडानका क्रममा जहाजले धावनमार्ग पार गरेर अगाडि बढ्नुपरेको (ओभरसुट) घटना पनि सार्वजनिक भएको छ।

बुद्ध एयरले उडान सुरक्षामा देखिएको संकटको मुख्य कारण वर्षायाममा धावनमार्ग वरपर को झाडी, लामो घाँस र कीराबाट आकर्षित चरा र जनावर भएको उल्लेख गरेको छ। कम्पनीका अनुसार, धावनमार्ग क्षेत्रको सरसफाइ र वातावरण व्यवस्थापनमा लापर बाहीका कारण जोखिम थपिएको हो।

'बर्ड स्ट्राइकपछि जहाजको मर्मत महँगो मात्र नभई समय खप्ने र उडान तालिका अवरुद्ध हुने समस्या निम्त्याउँछ,' बुद्ध एयर ले भनेको छ, 'यसले यात्रु असन्तुष्टि पनि बढाउँछ।'

बुद्ध एयरले विमानस्थल क्षेत्रमा सडेगलेका वस्तु, फोहोर वा सिनो नफाल्न स्थानीय प्रशासन र नागरिकलाई सचेत गराउनुपर्ने आवश्यकता औंल्याउँदै चराजन्य जोखिम नियन्त्रणका लागि सम्बन्धित निकायहरूसँग सहकार्य गर्न तत्पर रहेको जनाएको छ।

कम्पनीले यस्ता समस्या बेलैमा सम्बोधन नभए देशभरका आन्तरिक हवाई सेवा नै संकटमा पर्ने चेतावनीसमेत दिएको छ।

## अनलाइन सञ्चारमाध्यमको.............

परेको महासंघको भनाइ छ।

यसैबीच, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आदेशमा सूचना तथा प्रसारण विभागले अनलाइन दर्ता र नवीकरणको काम अचानक स्थगन गरेकोमा पनि महासंघले सन्देह व्यक्त गरेको छ।

महासंघले यो विषय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित भए पनि मन्त्रालयले यसबारे उदासिनता देखाएकोमा आपत्ति जनाएको छ।

अन्तमा, महासंघले दर्ता र नवीकरणसम्बन्धी समस्या समाधान गर्न, अनलाइन सञ्चारमाध्यमलाई सहज रूपमा सञ्चालन गर्न दिन र प्रेस स्वतन्त्रताको सम्मान गर्न सर कारलाई आग्रह गरेको छ। यदि सरकारले यसमा ध्यान नदिए महासंघ आन्दोलनका कार्यक्रमहरू घोषणा गर्न बाध्य हुने चेतावनी पनि दिएको छ।

# मधेश प्रदेशका १६ लाख नागरिक

रहेको पन्थको भनाइ छ। 'वार्षिक बजेट अत्यन्त न्यून, त्यो पनि ससर्त हुँदा काम अघि बढाउन अप्ठेरो छ,' उनले भने।

प्रदेश सरकारले आफ्नै तर्फबाट पनि ८८ नयाँ आयोजनाको काम अघि बढाएको छ। जसमध्ये ९ वटा आयोजना सञ्चालनमा आइसकेका छन्। तर, संघीय सरकारबाट हस्तान्तरण गरिएका अधिकांश आयोजना भने वर्षौंदेखि ठप्प छन्।

तीन-चार दशकदेखि खानेपानीको समस्या भोग्दै आएका मधेशका नागरिकहरूले अहिले 'शुद्ध पानी' भन्ने कुरा सपना जस्तै अनुभव गरिरहेका छन्।



'घरघरमा शुद्ध पानी आउँछ भन्ने सुन्दा सुनौलो सपना लाग्थ्यो,' मिथिला नगर पालिकाकी एक महिलाले भनिन्, 'तर, अहिले पनि बाल्टिन बोकेर टोलटोलमा पानी खोज्नुपर्ने बाध्यता छ।'

संघीय सरकारले जिम्मा त सुम्पिएको छ। तर, स्रोतको व्यवस्था नगर्दा प्रदेश सरकार योजनाहरु कार्यान्वयन गर्न नसक्ने स्थितिमा पुगेको देखिन्छ।


## सुरक्षित यात्राका लागि अपनाउनु पर्ने सावधानीहरू

1. सुरक्षित ठाउँ (जस्तै: बस स्टप) मा मात्र बस, ट्याक्सी तथा टेम्पो चढ्ने वा ओर्लिने गरौं।
2. सवारी पूर्णतया रोकिएपछि मात्र चढ्ने र ओर्लने गरौं।
3. सवारीको ढोका होशियारी साथ खोलौं, नत्र अरुलाई चोट लाग्न सक्छ।
4. सवारी चढ्दा वा ओर्लिदा अरुलाई नधकेलौं।
5. चालकको ध्यान नखलबल्याऔं वा उसको नजिक भिडभाड नगरौं।
6. शरिरको कुनै पनि अंग सवारीबाट बाहिर ननिकालौं। तपाईलाई अरु सवारीले गंभीर घाइते बनाउन सक्छ।
7. चालकलाई बढी गतिमा सवारी दौडाउन वा खतरनाक तरिकाले चलाउन नउक्साऔं।
8. सवारीबाट थुकि वा फोहर फाली असभ्य नबनौं।
9. सामान बोक्ने सवारीहरुको पछाडिको भागमा यात्रा नगरौं।
10. पूरा भरिइसकेको सवारीमा नचढौं।
11. छतमा बसेर यात्रा नगरौं, किनभने भित्र भन्दा बाहिर बढी खतरा हुन्छ।
12. चालकलाई सुरक्षित र निष्ठापूर्वक चलाउन हौसला दिउँ।
13. चालकले रक्सी खाएको वा खलासी कण्डक्टरले गाडी चलाएको देखेमा त्यसो नगर्न अनुरोध गरौं।
14. यदि तपाईको अनुरोध नमानेमा नजिकैको प्रहरीलाई खबर गरौं।

नोट:- नेपालीहरुको महान पर्व शुभ दीपावली तथा छठ पूजाको शुभ अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

यातायात व्यवस्था कार्यालय जनकपुरधाम
धनुषा परिवार


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नेपाली पत्रकारिता क्षेत्रका समस्या ,आर्थिक अप्ठ्यारो र स्वतन्त्रताको चुनौती



प्रेमचन्द्र झा

नेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिकबीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती।

नेपालका पत्रकारहरू प्रायः न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्। धेरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न बाध्य हुन्छन्।

दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ।

नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्।

श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ।

प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषतः ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ।

त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ।

नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ।

एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कातिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ।

यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ। यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चारगृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ।

दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ।

तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ।

चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ।

अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ।

नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्नेनेपालमा पत्रकारिताको महत्त्व केवल समाचार लेख्ने वा तथ्य प्रस्तुत गर्ने काममा सीमित छैन। यो पेशा समाज, शासन र नागरिकबीचको संवादको आधार हो। तर यो पेशा आज आफैं संकटमा छ। पत्रकारिता पेसामा लागेका हजारौं व्यक्ति दिनहुँ अस्तित्वको लडाइँ लडिरहेका छन् - एकातिर आर्थिक अप्ठ्यारो, अर्कोतिर स्वतन्त्रताको चुनौती।

नेपालका पत्रकारहरू प्रायः न्यून पारिश्रमिकमा काम गर्छन्, कहिले त महिनौंसम्म तलब नपाउने अवस्थामा पनि हुन्छन्। धेरै पत्रकारहरू करारमा छन्, जसले तिनको पेशागत अधिकारलाई कमजोर बनाउँछ। बीमा, पेन्सन, वा सामाजिक सुरक्षाको कुनै सुनिश्चितता छैन। यस्तो अवस्थाले पत्रकारलाई बाँच्नकै लागि सम्झौता गर्न बाध्य बनाउँछ - उनीहरू आफ्नो कलमको स्वतन्त्रता बेच्न बाध्य हुन्छन्।

दोस्रो ठूलो चुनौती सम्पादकीय स्वतन्त्रताको अभाव हो। धेरैजसो मिडिया संस्थान निजी व्यापारी वा राजनीतिक व्यक्तिहरूको स्वामित्वमा छन्। सम्पादक वा पत्रकारले समाचार लेख्नुभन्दा पहिला मालिक वा विज्ञापनदाताको रुझान बुझ्नुपर्छ। यस्ता संरचनामा समाचार सत्यतामा होइन, आदेशमा आधारित हुन्छ। समाचार चयनको मापदण्ड शक्तिशालीको हितमा रहन्छ, जसले आम नागरिकको आवाजलाई ओझेल पार्छ।

नेपालको पत्रकारिता आज राजनीतिक दलहरूको प्रभावमा नरहेकै छैन, उनीहरूकै प्रवक्ताजस्ता बन्दै गएको छ। कतिपय मिडिया खुलेआम पार्टी प्रवक्ताजस्तो व्यवहार गर्छन् भने कतिपय पत्रकारहरू आफैं पार्टीको कार्यकर्ता झैं प्रस्तुत हुन्छन्। यस्तो पक्षधरताले निष्पक्ष पत्रकारिताको चिह्न मेटाइरहेको छ। तथ्य होइन, विचार आधारित रिपोर्टिङको नाममा भ्रम फैलाउने प्रवृत्ति बढ्दै गएको छ। जनतालाई सुसूचित गर्ने होइन, दिशाभ्रमित गर्ने समाचारहरू प्रकाशित भइरहेका छन्।

श्रमशोषण पनि पत्रकारिताको कालो छाया हो। लामो समय काम गर्ने, अतिरिक्त घण्टा काम गर्दा पनि कुनै पारिश्रमिक नपाउने, तलब समयमा नपाउने, सामाजिक सुरक्षाबाट बञ्चित हुने जस्ता समस्या धेरै पत्रकारका दिनचर्या भइसकेका छन्। श्रम ऐनले दिएको हक मिडिया संस्थाले पालना गर्दैनन्, र कारबाहीको प्रक्रिया पनि प्रभावहीन छ। यसले पत्रकारलाई मानसिक तनाव, पेशागत निराशा र आत्मसमर्पणको बाटोमा धकेल्छ।

प्रेस स्वतन्त्रता संविधानले सुनिश्चित गरे पनि व्यवहारमा पत्रकारहरू अझै पनि असुरक्षित छन्। विशेषतः ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरू स्थानीय नेताहरू, माफियाहरू, र प्रशासनिक दबाबको चपेटामा छन्। समाचार लेखेकै भरमा कुटपिट, झूटा मुद्दा वा धम्की खाने अवस्था सामान्य जस्तै भइसकेको छ। यस्तो स्थितिमा पत्रकारले सत्य बोल्नुभन्दा मौन बस्न रुचाउँछन्। आत्म-सेंसरशिप पत्रकारिताको एउटा अनिवार्य अभ्यासजस्तो बनिसकेको छ।

त्यसैगरी, आजका दिनमा नैतिक मूल्य र आचारसंहिता पनि चुनौतीमा छन्। पत्रकारिता पेशाको विश्वसनीयतामा प्रश्न उठ्ने अवस्था सिर्जना हुनुमा केही पत्रकारहरूकै भूमिका पनि जिम्मेवार छ। पैसाको लागि समाचार लेख्ने, धम्क्याएर पैसा असुल गर्ने, वा संस्थाको नाममा व्यक्ति विशेषको पक्षपाती रिपोर्ट लेख्ने कामले पत्रकारिता प्रति जनआस्थालाई कमजोर बनाएको छ। जब पेशा नै स्वार्थको माध्यम बन्छ, तब त्यो पेशा समाजको हित होइन, विनाशतर्फ अग्रसर हुन्छ।

नेपालमा तालिमको अभाव पनि गम्भीर समस्या हो। अनुसन्धान पत्रकारिता, तथ्य-आधारित रिपोर्टिङ, डिजिटल माध्यम प्रयोगजस्ता विषयमा पर्याप्त दक्षता विकास भएको छैन। अधिकांश पत्रकारहरूले प्रयोगशैलीमा अपडेट पाउन सकेका छैनन्। प्रविधि यति छिटो अगाडि बढिरहेको छ, तर पत्रकार तयार छैनन्। यो खाडलले सतही र अप्रभावकारी पत्रकारिताको बाढी ल्याएको छ।

एकातिर परम्परागत मिडियाको अवस्था संकटमा छ - आर्थिक भार थेग्न नसकेर बन्द हुने, कर्मचारी छँटनी गर्ने, वा संस्थागत विलयमा जानुपर्ने अवस्था छ। अर्कातिर अनलाइन मिडियाको बाढीले सूचना सम्प्रेषण त सहज बनाएको छ, तर आम्दानीको सुनिश्चित मोडल नभएकोले गुणस्तरमा ठूलो गिरावट आएको छ। फेक न्यूज, क्लिकबेट, र सेन्सेशनलिज्मको प्रवृत्ति हावी हुँदै गएको छ। प्रतिस्पर्धा तीव्र छ, तर रोजगारी अस्थिर हुँदै गएको छ।

यी सबै समस्याहरूले पत्रकारिताको मूल चरित्र - सत्यको खोजी, जनताको आवाज, र सत्ता-प्रशासनको जवाफदेहितालाई गम्भीर प्रश्नमा पार्छन्। पत्रकार स्वतन्त्र हुन सकेन भने समाचार स्वतन्त्र हुँदैन। पत्रकार सुरक्षित छैन भने सूचना पनि सुरक्षित हुँदैन। पत्रकार शिक्षित छैन भने समाज अन्धकारमा रहन्छ। त्यसैले आज नेपालमा पत्रकारिता पेसाको अस्तित्व र गरिमा दुबै संकटमा छ। यसो भन्दैमा केही गर्न सकिँदैन भन्ने होइन। पहिलो, राज्यले पत्रकारहरूको श्रम अधिकार सुनिश्चित गर्न स्पष्ट कानुनी संरचना बनाउनु आवश्यक छ। श्रम ऐनको कार्यान्वयन कडाइका साथ हुनुपर्छ। सञ्चारगृहहरूले न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम सम्झौता अनिवार्य गर्नुपर्छ।

दोस्रो, प्रेस काउन्सिल वा पत्रकार महासंघले आचारसंहिता उल्लङ्घन गर्ने मिडिया संस्थाहरूको पहिचान गरी कारबाही गर्न सक्नुपर्छ। पत्रकारिताको शुद्धिकरण स्वयं पत्रकारिता समुदायबाट हुनुपर्छ।

तेस्रो, सम्पादकीय स्वतन्त्रता कायम राख्न संरचनात्मक सुधार गर्नुपर्छ। मिडिया मालिक र सम्पादकीय पक्षबीच स्पष्ट छुट्टाव स्थापित हुनुपर्छ।

चौथो, पत्रकारहरूको तालिम, अनुसन्धान फेलोशिप, र प्रविधिमा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न राज्य, मिडिया संस्थान र अन्तर्राष्ट्रिय निकायहरू एकताबद्ध हुन आवश्यक छ।

अन्ततः, पाठक, श्रोताहरू - जनताले पनि सचेत हुनुपर्छ। सस्तो प्रचारको पछाडि नलागी गुणस्तरीय पत्रकारिताको माग गर्नुपर्छ। किनकि पाठककै चेतनाले पत्रकारको कलम स्वतन्त्र बनाउँछ।

नेपालका पत्रकार आज एउटै समयमै दुईवटा लडाइँ लडिरहेका छन् - सत्य बोल्ने स्वतन्त्रताको र पेट पाल्ने अस्तित्वको। यी दुवै लडाइँ जित्न सक्ने उपाय भनेको व्यवस्था, चेतना र पेशागत ईमानदारीको समायोजन हो। यदि हामी पत्रकारिता बचाउन चाहन्छौं भने, सबै सरोकारवालाहरूले यो संकटलाई गम्भीर रूपमा लिइर, समाधानतर्फ गम्भीर कदम चाल्न जरुरी छ। जरुरी छ।

# चुरे विनाश नरोकिए मधेशमा खेती नै संकटमा पर्छ : कार्यवाहक प्रधानमन्त्री सिंह




**खबर दर्पण समाचारदाता**
**साउन २२ गते, बर्दिवास**

कार्यवाहक प्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले चुरे क्षेत्रको संरक्षण नगरेसम्म मधेश प्रदेशको कृषि संकट गहिरिँदै जाने चेतावनी दिएका छन् ।

लहान नगरपालिका-६ र ७ मा निर्माण गरिएको बहुउद्देश्यीय व्यापारिक भवन उद्घाटन समार ोहमा बोल्दै उनले जलवायु परिवर्तन र भूमिगत जल स्रोतको खस्किँदो अवस्थालाई चुरे क्षेत्रको दोहनसँग जोड्दै दीर्घकालीन समाधानका लागि चुरे संरक्षण अपरिहार्य भएको बताए ।

'समयमै वर्षा नहुनु, खडेरी, डुबान, सिँचाइको अभाव र भूमिगत जलस्तर घट्नु यी सबै चुरे क्षेत्रको विनाशकै परिणाम हुन्,' सिंहले भने, 'अब पनि हामीले गम्भीरता देखाएनौं भने मधेशमा खेती गर्न सक्ने अवस्थै रहने छैन ।'

उनले चुरे संरक्षणलाई संघ, प्रदेश र स्थानीय सरकारको साझा एजेन्डा बनाउँदै व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा घोषणा गरिएको मधेशका लागि ५०० डिप बोरिङ परियोजना कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको पनि जानकारी दिए ।

कृषकहरूका समस्याप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै उनले मलखाद अभाव हुन नदिने, समयमै रोपाइँ हुने वातावरण बनाउने र सिँचाइका वैकल्पिक उपायमार्फत राहत दिने सरकारको योजना रहेको स्पष्ट पारे । 'आउँदो वर्षदेखि किसानले समयमा रोपाइँ गर्न सकून् भन्नेगरी मन्त्रालय र विभागहरू तयारीमा लागिसकेका छन्,' सिंहले भने ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले व्यापारिक भवनले नगरको आर्थिक गतिविधिमा उल्लेखनीय योगदान गर्ने विश्वास व्यक्त गर्दै लहानलाई क्षेत्रीय व्यापारिक केन्द्रको रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । नेपाली कांग्रेस सिरहाका सभापति तथा पूर्व संविधानसभा सदस्य रामचन्द्र यादवले सिरहा जिल्लाका किसानहरू मलखाद, सिँचाइ र राहत सुविधाको अभावमा सङ्घर्ष गरिरहेको भन्दै सिंहको ध्यानाकर्षण गराए ।

एकीकृत शहरी भवन निर्माण आयोजना राजविराजका प्रमुख सुरेन्द्रप्रसाद साहका अनुसार ५० करोड ३६ लाख ६४ हजार रुपैयाँको स्वीकृत बजेटमध्ये हालसम्म २९ करोड ५८ लाख रुपैयाँ खर्च भइसकेको छ। बाँकी काम चाँडै सम्पन्न गरी अन्य उपयोगितामूलक योजना अघि बढाइने उनले जानकारी दिए ।

# जनमत पार्टीबाट उपाध्यक्ष दीपक कुमार साह पूर्ण रूपमा निष्कासित



**खबर दर्पण समाचारदाता**
**साउन २२ गते, बर्दिवास**

जनमत पार्टीले निलम्बित उपाध्यक्ष दीपक कुमार साहलाई पार्टीबाट पूर्ण रूपमा निष्कासन गरेको छ। अब साह पार्टीका साधारण सदस्यका रूपमा पनि नरहने जनाइएको छ।

पार्टीले बिहिवार एक विज्ञप्ति जारी गर्दै अनुशासनको निरन्तर उल्लंघन, गुटगत गतिविधि तथा पार्टी विभाजनको प्रयास गरेको भन्दै साहलाई निष्कासन गरेको जानकारी दिएको हो। अनुशासन समिति संयोजक नरेन्द्र प्रसाद चौधरी र सचिव अनिता कुमारी मण्डलको हस्ताक्षरयुक्त विज्ञप्तिमा भनिएको छ, "पार्टीको सम्पूर्ण पदबाट निलम्बन भइसकेपछि पनि उहाँले पार्टीको नाम, झण्डा र छापको अवैध प्रयोग गर्दै कार्यक्रम सञ्चालन गर्नुभएको पाइएको छ।"

साहलाई गत चैत १४ गते पार्टीको उपाध्यक्ष पदबाट ६ महिनाका लागि निलम्बन गरिएको थियो। पार्टीले जिम्मेवारी अनुसारको भूमिका नखेलेको र अध्यक्ष डा. सीके राउतविरुद्ध उभिएको आरोप लगाउँदै उनलाई निलम्बन गरेको थियो।

पार्टीले सोही क्रममा साहसँग स्पष्टीकरण पनि मागेको थियो। तर, पार्टीले दिएको जानकारी अनुसार, उनले चित्त बुझ्ने जवाफ नदिएको र अनुशासनहीन गतिविधि जारी राखेकाले निष्कासनको निर्णय लिनुपरेको हो।

पार्टीले उनलाई गम्भीर अनुशासनहीनता, गुटबन्दी र नेतृत्वविरोधी गतिविधिमा संलग्न भएको ठहर गरेको छ।


## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका
**महोत्तरी**

## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं ।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं ।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं ।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं ।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं ।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं ।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौं ।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं ।
- टर्च, डोरी, सिठ्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं ।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी

## मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,